नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक २०७ | २०८२ साल चैत ७ गते शनिवार (21 Mar 2026 Saturday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हुरीसहित असिना पानीको ... ३ पृष्ठमा : आगामी आवका लागि ... ३ पृष्ठमा : मध्यपुर्व तनाव ...

## दुई बाल श्रमिकसहित २३ जना कामदारको उद्दार



**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

राष्ट्रिय मानव अधिकार आयोग र प्रहरीको संयुक्त टोलीले सप्तरीस्थित एक इटा उद्योगबाट दुई बाल श्रमिकसहित २३ जनाको उद्दार गरेको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाडास्थित बाबा धर्मराज इटा उद्योग (बिडिआर) बाट २३ जनाको उद्दार गरेको हो ।

भारतको आसाम राज्यबाट आएका कामदारहरुको श्रमशोषण भएको, बालश्रमिकलाई काममा लगाइएको, उचित ज्याला नदिएको, बास स्थानको उचित व्यवस्था नगरिएको लगायतका विषयमा उजुरी प्राप्त भएपछि राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयबाट पुगेको टोलीले जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वय र सहयोगमा २३ जना कामदारको बिहीबार साँझ उद्दार गरेको प्रहरीले जनाएको छ ।

उद्दार गरिएकाहरुमा १२ महिला, ७ पुरुष, २ काँखे बालक तथा २ जना क्रमशः १४ र १७ बर्षका नावालक रहेको आयोगका मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनीले जानकारी दिए । टोलीमा आयोगका मधेश प्रदेश प्रमुख सहनीका साथै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक प्रमोद कुमार साह सहभागी थिए ।

उद्दार गरिएका सबै कामदारलाई अहिले जनकपुरमा राखिएको छ । आवश्यक कानुनी प्रक्रिया पश्चात उनीहरुलाई आफन्तको जिम्मा लगाईने आयोगले जनाएको छ । इटा उद्योगका सञ्चालक राजु साह रहेको खुलेको र उनलाई कानुनी दायरामा ल्याइने आयोगले जनाएको छ ।

## दुःखमोचन आश्रममा भगवानको दिब्य प्रतिमा स्थापनाको तयारी




**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ स्थित दुःख मोचन आश्रम परिसरमा नवनिर्मित मन्दिर भवनमा आगामी चैत्र १३ गते महाविर बजरंगवली हुनमानजीको दिब्य प्रतिमा स्थापना गरिने भएको छ ।

तिलाठी कोईलाडी गाउँपालिका निवासी सेवानिवृत न्यायधिश एवं राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहिर ठाकुर तथा उनका धर्मपत्नी संविधानसभा सदस्य रञ्जु ठाकुरको व्यक्तिगत लगानीमा भगवान हनुनमानको दिब्य प्रतिमा स्थापित गर्न लागिएको हो ।

डेढ फिट उचाई र १ फिट चौडाई भएको भगवान हनुमानको पत्थरको मुर्ती स्थापनाका अवसरमा विभिन्न धार्मिक कार्यक्रमको आयोजना गरी महोत्वसका रुपमा मनाउने तयारी भएको दुःख मोचन आश्रम समितिले जनाएको छ ।

मिहिर ठाकुरका वुआ दुःख मोचन र आमा प्रेमलताले ३ कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराएपछि छोरा मिहिर र बुहारी रञ्जुको प्रयासमा सरकारबाट आवश्यक सहयोग जुटाई समाजिक क्षेत्रमा क्रियाशिल विदेह फाउण्डेशन नामक संस्था मार्फत सुविधा सम्पन्न बृद्धा आश्रम र मन्दिर भवन निर्माण गरिएको थियो ।

स्वः आमा बुआको स्मृतीमा गरिब असहाय तथा बेसहारा रहेका बृद्ध-बृद्धालाई सहारा दिने सोचका साथ बनाइएको आश्रममा मन्दिर भवन समेत निर्माण गरिएको थियो । सोही भवनमा रामनवमीका दिन भव्य धार्मिक

***बाँकी अन्तिम पृष्ठमा***

## श्रोत नखुलेको २० लाख नेपाली रुपैयाँसहित एक पक्राउ



**दैनिक समाचारदाता**
**बिरगंज, ६ चैत ।**

सशस्त्र प्रहरी बल नेपाल पर्साले स्रोत नखुलेको रकम २० लाख नेपाली रुपैयाँसहित एक जनालाई नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल प्रस्तावित सिमा सुरक्षा गुल्म भन्सार वीरगन्जले स्रोत नखुलेको हुन्डीको रकमसहित पर्साको वीरगंज महानगरपालिका वडा नं. १७ अलौ बस्ने ५० वर्षिय विनय शंकर साह तुरहा रहेको सशस्त्र प्रहरी बल १३ नम्वर गणका सुचना अधिकारी मोहनराज निरौलाले जनाएका छन् ।

साहको साथबाट सशस्त्र प्रहरीले नेपाली १००० दरको १३०२ थान, नेपाली ५०० दरको १४०० थान, नेपाली ५० दरको १ थान र भारु १०० दरको ६ थान नोट बरामद गरिएको छ । मोटरसाईकलसहित नियन्त्रणमा लिई बिरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाएको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

**पिनासका लक्षणहरु:**

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिंगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हुरीसहित असिना पानीको सम्भावना, सतर्कता अपनाउन आग्रह

**प्रगति ढकाल**
काठमाडौँ, ६ चैत (रासस)।

जल तथा मौसम विज्ञान विभागले आज अपराह्नपछि नै विशेषगरी तराईका केही जिल्लामा हुरीसहित असिना पानीका कारण मानवीय र भौतिक क्षति हुनसक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। हावाहुरीका कारण हुनसक्ने सम्भावित क्षति कम गर्न अनावश्यक रूपमा घर बाहिर ननिस्कन तथा आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले मौसमी सूचनालाई वेवास्ता गर्दा नेपालमा प्राकृतिक विपद्बाट हुने क्षति बढ्ने गरेकाले सर्वसाधारणलाई आवश्यक सतर्कता अपनाउन सुझाव दिनुभयो। हावाहुरी र असिना पानी परेको समयमा सवारीसाधन नचालाउन, रुख तथा बिजुलीको खम्बा नजिक नबस्न तथा अनावश्यक बाहिर ननिस्कन उहाँले आग्रह गर्नुभयो।

विभागका अनुसार आज अपराह्नपछि नै कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा, गण्डकी, लुम्बिनी प्रदेशलगायत कोशी प्रदेशको पहाडी र हिमाली भू–भागका केही स्थान तथा वाग्मती, मधेसलगायत कोशी प्रदेशको तराईका थोरै स्थानमा चट्याङ, असिना र हुरीसहित मध्यम वर्षा र हिमपातको सम्भावना छ। विभागका प्रवक्ता विभूति पोखरेलले अपराह्नपछि भने विषेशगरी तराईका क्षेत्रमा हुरी चल्ने र सो क्रम दुईदेखि तीन घण्टासम्म रहने भएकाले विषेश सतर्कता अपनाउन अनुरोध गर्नुभयो।

"अहिले पनि सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका केही जिल्लामा मेघगर्जन/चट्याङसहित हल्का पानी परिरहेको छ। यो प्रणाली उत्तर-पूर्वतिर सर्दै गइरहेको हुनाले आवश्यक सतर्कता अपनाउनु जरुरी छ", प्रवक्ता पोखरेलले भन्नुभयो, "मधेस प्रदेशलगायत कोशी र लुम्बिनी प्रदेशको तराई भू–भागमा हावाहुरी (करिब ५०-६० किमी/घण्टा) चल्ने सम्भावना रहेको छ। यस कारण रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने जोखिम रहनसक्ने हुँदा त्यसको असरबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन आवश्यक छ।"

प्रवक्ता पोखरेलका अनुसार आज दिउँसो कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू–भागका एक–दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना छ। विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको छ।

**उपत्यकामा कम प्रभाव**

प्रवक्ता पोखरेलले काठमाडौँ उपत्यकामा हुरीको प्रभाव भने कम रहने बताउनुभयो। विशेष गरी तराईमा यसको प्रभाव बढी परे पनि आत्तिनुपर्ने अवस्था नभएको तर सर्तकता अपनाउन आवश्यक भएको उहाँको भनाइ छ।

प्रवक्ता पोखरेलले हुरी चलिरहेको समयमा घरबाहिर ननिस्कन सुझाव दिनुभएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आकाशमा बिजुली चम्किन थालेर गड्याङगुडुङ गर्न थालेपछि सतर्क हुने र नजिकै कुनै घर/संरचना भएभित्र गइहाल्नुपर्छ।

प्राधिकरणका उपसचिव रामबहादुर केसीले प्रभावित क्षेत्रका बासिन्दा र यात्रुलाई अनावश्यक यात्रा नगर्न, सुरक्षित स्थानमा बस्न र सवारीसाधन सञ्चालन नगर्न विशेष सतर्कता अपनाउन आग्रह गर्नुभयो। साथै, कमजोर संरचना र बिजुलीका तारमा जोखिम हुनसक्ने भएकाले विद्युत् उपकरण नचलाउनसमेत उहाँको अनुरोध छ।

सुरक्षित ओत नभेटे टाउको दुवै घुँडाको बीचमा राखेर दुवै हातले खुट्टा समाउने र खुट्टाको पञ्जाले भुइँमा टेकेर दुवै कुर्कुच्चा जोडेर टुक्रुक्क बसी निहुरेर शरीरलाई जतिसक्दो सानो बनाई कान थुनेर बस्न प्राधिकरणले सुझाव दिएको छ। समूहमा भए सबै जना छुट्टिएर टाढाटाढा बस्ने, यसो गर्दा धेरैजना हताहत हुनबाट जोगिन सकिन्छ। खुला क्षेत्र वा जङ्गलमा भए सम्भव भएसम्म होचो स्थान वा खाँचमा गएर बस्नुपर्छ।

उपसचिव केसीले रुख वा बिजुली र फोनका खम्बामुनि वा टावर नजिक नबस्ने, छाता नओढ्ने, खेतबारीमा काम गरिरहेको भए बन्द गर्ने, खोला, पोखरी वा स्विमिङ पुलमा भए तुरुन्त बाहिर निस्किन सुझाव दिनुभयो। माछा मार्ने कार्य तथा त्याफ्टिङ नगर्ने, बिजुली र फोनको अग्लो खम्बा, अग्लो भवन, ठूलो रुख नजिक नबस्न, साइकल वा मोटरसाइकलमा भए तुरुन्त छेउ लगाई उत्रने तथा धातुको कुनै पनि वस्तु, सवारीसाधन वा उपकरण नछुन उहाँले सुझाव दिनुभयो।

**आइतबारदेखि मौसम खुल्ने**

जल तथा मौसम विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले तीन दिन देशभर बदली, वर्षा र हिमपातको प्रभाव; केही स्थानमा भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ। देशभर आगामी तीन दिनसम्म बदलीसँगै वर्षा, हिमपात तथा चट्याङ्गको प्रभाव रहने मौसम पूर्वानुमान गरिएको छ। मौसम विभागका अनुसार शुक्रबारदेखि आइतबारसम्म विभिन्न प्रदेशमा मेघगर्जन, असिना र हुरीसहित वर्षा हुने सम्भावना छ।

आज दिउँसो देशभर अधिकांश स्थानमा बादल लाग्नेछ। कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कोशी प्रदेशका पहाडी र हिमाली भूभागका केही स्थानमा मेघगर्जन, चट्याङ्ग, असिना र हुरीसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ। यीमध्ये कर्णाली र सुदूरपश्चिमका पहाडी तथा हिमाली क्षेत्रका एक–दुई स्थानमा भारी वर्षा वा हिमपात हुनसक्ने चेतावनी दिइएको छ।

महाशाखाको मौसमी बुलेटिनअनुसार शुक्रबार राति मौसम अझ सक्रिय हुने देखिएको छ। कोशी प्रदेश, मधेस प्रदेश, गण्डकी, कर्णाली र सुदूरपश्चिमका धेरै स्थानमा तथा वाग्मती प्रदेश र लुम्बिनीका केही स्थानमा मेघगर्जन र चट्याङ्गसहित मध्यम वर्षा हुने सम्भावना छ। कोशी र मधेस प्रदेशका एक–दुई स्थानमा भारी वर्षा हुन सक्ने जनाइएको छ।

शनिबार दिउँसो पनि देशभर बदली कायम रहनेछ। कोशी, मधेस, वाग्मती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही स्थानमा मेघगर्जन, चट्याङ्ग, असिना र हावाहुरीसहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ। बुलेटिनअनुसार राति भने मौसम केही सुधार हुँदै हल्का वर्षामात्र सीमित स्थानमा हुने अनुमान गरिएको छ।

महाशाखाका अनुसार आइतबारदेखि मौसम क्रमशः खुल्ने सङ्केत देखिएको छ। पहाडी र हिमाली भूभागमा सामान्य बदली र तराईमा आंशिक बदली रहनेछ। केही स्थानमा मात्र हल्का वर्षा र हिमपात हुने सम्भावना रहेको बुलेटिमा उल्लेख छ।। राति पनि अधिकांश स्थानमा आंशिक बदली रहनेछ भने कोशी प्रदेश र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा एक–दुई स्थानमा हल्का वर्षा वा हिमपात हुनसक्ने महाशाखाको पूर्वानुमान छ।

# प्रधानमन्त्री कार्कीद्वारा जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना

जनकपुरधाम, ६ चैत (रासस)।

प्रधानमन्त्री सुशीला कार्कीले जनकपुरधामस्थित प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना गर्नुभएको छ। आज बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत यहाँ आउनुभएकी प्रधानमन्त्री कार्कीले प्रसिद्ध जानकी मन्दिरमा विशेष पूजाअर्चना गर्नुभएको हो।

त्यस अवसरमा मन्दिरका महन्थ रामतपेश्वर दास तथा उत्तराधिकारी महन्थ रामरोशन दासले स्वागत गर्नुका साथै पुष्पमाला तथा प्रसाद प्रदान गर्नुभएको थियो। मन्दिरका पुजारीबाट स्वस्तिवाचनसमेत गरिएको थियो।

पूजाआराधनापश्चात् प्रधाममन्त्री कार्कीले मन्दिरको परिक्रमा गरी अवलोकनका साथै आवश्यक जानकारी लिनुभएको थियो। पूजापछि सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानी गर्दै उहाँले जनकपुरधाममा आफ्नो विशुद्ध धार्मिक यात्रा भएको बताउनुभयो।

प्रधानमन्त्री कार्कीले जनकपुरधाम नेपालको धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण स्थल भएको बताउनुभयो। उहाँले जनकपुरधामसहित देशभरका धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री कार्कीले जनकपुरधामलाई अन्तरराष्ट्रियस्तरको धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको उल्लेख गर्नुभयो। उहाँले अन्तरिम सरकार जनताको अपेक्षाअनुसार सुशासन, विकास र स्थायित्वका लागि केन्द्रित रहेको बताउँदै सबै पक्षसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो।

यसअघि जनकपुरधाम जनकपुरविमानस्थलमा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रमुख सचिवसहित मधेस प्रदेश तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललगायतले स्वागत गर्नुभएको थियो।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



**ई.यु. एस (Epizootic Ulcerative Syndrome)**
**परजीवी : Aphanomyces invadans**

**रोग लाग्ने समय : जाडोको समय**

**रोग लाग्ने माछाका जातहरु : नैनी, रोहु र जङ्गली माछाहरु**

**लक्षणहरु:**

नेपालमा हाल यो रोगको संक्रमण कृष्कहरुको पोखरीमा व्यापक मात्रामा देखिने गरेको छ। यो रोगलाई रातो घाऊ हुने रोग पनि भनिन्छ। खासगरी पानीको तापक्रम २० डिग्री सेल्यिस भन्दा कम भएको जाडोको सिजनमा पानीको पींधमा बस्ने माछाको शरिरबाट कत्ला झर्न गई खाल्डो भएको घाउ देखा पर्दछ। ढाड र पुच्छरको नजिकको भागमा घाउहरु देखिन्छ।

**रोकथाम**

- घर पोत्ने चुना १०-१५ के जी प्रति कट्ठा, चुना भिजाई चिसो भए पछि ८-९ बजे विहान घाम लाग्ने वेलामा चारै तर्फ झोल बनाएर छर्ने।
- रोगका प्रकोप हेरी एक हप्ताको अन्तरालमा बढीमा ३ पटकसम्म चुनको प्रयोग गर्ने। पोटासियम पर म्यागनेटको ०.२५-२ एमजी/लिटर प्रयोग गर्ने।
- माछा मार्ने जाललाई पोखरीमा प्रयोग गरिसकेपछि राम्रोसंग सुकाएर वा एन्टीसेप्टीक रसायनले उपचार गरेरमात्र पुनः प्रयोग गर्ने।
- पोखरीको पींधमा बस्ने माछाका जातहरु जस्तै : नैनी, माँगुर, रोहु आदी माछाहरुलाई जाडो महिनामा सकभर पोखरीमा नराखे।

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

# आगामी आवका लागि आन्तरिक ऋणको सीमा निर्धारण

काठमाडौँ, ६ चैत (रासस)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरेको छ।

समष्टिगत आर्थिक अवस्था, राजस्वको प्रवृत्ति, खर्चको दबाब र वित्तीय बजारको अवस्थालाई आधार मानेर आयोगले ऋण परिचालनमा अनुशासन कायम गर्न जोड दिँदै तीनै तहका सरकारलाई औपचारिक सिफारिस गरिएको जनाएको छ।

आयोगले गत फागुन २७ गते सरकारलाई गरेको सिफारिसअनुसार सङ्घीय सरकारले आगामी आवमा कुल गार्हस्थ उत्पादनको अधिकतम पाँच दशमलव पाँच प्रतिशतसम्म मात्रै आन्तरिक ऋण परिचालन गर्न पाउनेछ। समष्टिगत स्थायित्व कायम राख्न तथा ऋणको दिगोपन सुनिश्चित गर्न यो सीमा तोकिएको जनाइएको छ।

प्रदेश सरकारका हकमा भने आन्तरिक ऋण उठाउने अधिकारलाई निश्चित सर्तसँग बाँधिएको छ। आयोगले प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट र आफ्नै आन्तरिक स्रोतबाट सङ्कलित राजस्वको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था गर्न सिफारिस गरेको छ। यसका लागि आवश्यक कानुनी, संरचनागत तथा प्रक्रियागत पूर्वाधार पूरा भएको हुनुपर्ने र नेपाल सरकारको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ।

स्थानीय तहका लागि पनि समान प्रकृतिको सीमा निर्धारण गरिएको छ। आयोगका अनुसार स्थानीय सरकारले सङ्घ र प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानीको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्नेछन्। यसमा पनि नेपाल सरकारको स्वीकृति अनिवार्य हुनेछ। यद्यपि, स्थानीय तहमा पूर्वाधार निर्माणका लागि नेपाल सरकारले स्थापना गरेको विशेषीकृत संस्थामार्फत प्रवाह हुने ऋणमा भने यो सीमा लागू नहुने स्पष्ट गरिएको छ।

आयोगले आन्तरिक ऋणको प्रभावकारी र दिगो उपयोगका लागि विस्तृत सुझावसमेत दिएको छ। ऋण लिँदा आयोजनाको लागत-लाभ विश्लेषण, खुद वर्तमान मूल्य तथा आन्तरिक प्रतिफल दरको मूल्याङ्कन अनिवार्य गर्नुपर्ने उल्लेख गरिएको छ। विशेषगरी वित्तीय आन्तरिक प्रतिफल दर पूँजी लागतभन्दा बढी भएका व्यावसायिक परियोजना र आर्थिक प्रतिफल दर उच्च भएका सामाजिक क्षेत्रका परियोजनामा मात्र ऋण लगानी गर्नुपर्नेमा जोड दिइएको छ।

यस्तै, ऋण लगानीबाट सञ्चालित आयोजना वा कार्यक्रमबाट प्राप्त हुने प्रतिफलले साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चितता हुनुपर्ने आयोगको सुझाव छ। उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माणमा योगदान गर्ने परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्ने आयोगले जनाएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार प्रदेश र स्थानीय सरकारले नेपाल सरकारको स्वीकृति लिएपछि मात्रै आन्तरिक ऋणलाई बजेटको स्रोतका रूपमा समावेश गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ। साथै, बजेट तर्जुमा गर्दा प्रत्येक आयोजना तथा कार्यक्रमको स्रोतगत विवरणमा आन्तरिक ऋण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने सुझाव दिइएको छ।

सार्वजनिक ऋण व्यवस्थापनमा पारदर्शिता र समन्वय अभिवृद्धि गर्न आयोगले एकीकृत विद्युतीय सूचना प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत सङ्घ, प्रदेश र स्थानीय तहबाट लिइने सम्पूर्ण आन्तरिक ऋण तथा समग्र सार्वजनिक ऋणको लेखाङ्कन, प्रतिवेदन र अनुगमन एउटै प्रणालीमार्फत सञ्चालन गर्नुपर्ने र त्यसमा आयोगको पहुँचसमेत सुनिश्चित गर्नुपर्ने सिफारिस गरिएको छ।

आयोगले आन्तरिक ऋणलाई चालु तथा प्रशासनिक खर्चमा प्रयोग गर्न नपाइने पनि सिफारिस गरेको छ। ऋणलाई दीर्घकालीन लाभ दिने, रोजगारी सिर्जना गर्ने र पुँजी निर्माणमा सहयोग पुग्ने परियोजनामा मात्रै प्रयोग गर्नुपर्ने उल्लेख छ। यसैगरी, बजारमा ब्याजदर न्यून भएका बेला मात्रै अल्पकालीन ऋण उपकरणमार्फत ऋण उठाउने र त्यस्ता उपकरणको नवीकरणलाई समेत नयाँ ऋणका रूपमा बजेटमा समावेश गरी संसद्बाट अनुमोदन गराउनुपर्ने व्यवस्था गर्न आयोगले सुझाव दिएको छ।

आयोगले तीनवटै तहका सरकारले राजस्व र व्ययको यथार्थ विवरण नियमित रूपमा उपलब्ध गराउनुपर्ने आवश्यकता पनि औँल्याएको छ। प्रत्येक आर्थिक वर्षको अन्त्यसम्म आन्तरिक ऋणको अनुमानित र वास्तविक परिचालनको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रूपमा खुलाएर आयोगमा पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

# राष्ट्रिय किताबखानाद्वारा एकीकृत 'डिजिटल' निवृत्तभरण सेवा आरम्भ

ललितपुर, ६ चैत (रासस)।

राष्ट्रिय किताबखानाले एकीकृत 'डिजिटल' निवृत्तभरण (पेन्सन) सेवा सुरु गरेको छ। राष्ट्रिय किताबखानाले आज यहाँ औपचारिक कार्यक्रम आयोजना गरी निवृत्तभरणका सबै काम डिजिटल प्रणालीबाट हुने गरी सेवाको शुभारम्भ गरेको हो।

राष्ट्रिय किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलका अनुसार अबदेखि राजीनामा वा अनिवार्य अवकाशमा जाने कर्मचारीले आफूले पाउने निवृत्तभरण, उपदानलगायतका सेवाका लागि राष्ट्रिय किताबखाना धाइरहनु पर्दैन।

"राष्ट्रिय किताबखानाले आफ्नो मुख्य सेवालाई डिजिटल रुपान्तरणको माध्यमवाट विद्युतीय तहमा स्तरोन्नति गरेको छ, हाम्रो सबै सेवा सेवाग्राहीको भौतिक उपस्थितिविना नै हुन्छ," महानिर्देशक पोखरेलले भन्नुभयो। उहाँका अनुसार प्रारम्भमा ७७ वटै जिल्लामा एकीकृत डिजिटल निवृत्तभरण सेवाका लागि सहजकर्ता निकायको भूमिका कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ। यसका लागि राष्ट्रिय किताबखानाले सञ्चालन गरिरहेको एकीकृत डिजिटल निवृत्तभरण प्रणालीको पहुँच जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरिएको उहाँले जानकारी दिनुभयो। सेवाको गुणस्तरीयता र दिगोपना सुनिश्चित भएपछि कर्मचारी निवृत्त हुने सम्बन्धित सबै कार्यालयलाई उपलब्ध गराइने महानिर्देशक पोखरेलले जानकारी दिनुभयो।

"राष्ट्रिय किताबखानाले प्रयोगमा ल्याएको यस प्रणालीमार्फत सम्बन्धित जिल्लावाट आवेदन दिन सकिने व्यवस्था छ, आवेदन दिने कर्मचारीको सम्बन्धित विवरण राष्ट्रिय किताबखानाको प्रणालीमा सिधैँ देखिने व्यवस्था मिलाइएको छ। किताबखानाले 'अनलाइन' प्रणालीमार्फत प्राप्त विवरण आफ्नो विवरणसँग प्रमाणीकरण गरी माग गरिएको सेवा स्वीकृत गर्दछ। स्वीकृत भएका सेवा अनलाइन प्रमाणीकरणमार्फत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निवृत्तभरण व्यवस्थापन कार्यालयमा अनलाइन प्रणालीबाटै गएपछि सरोकारवाला कर्मचारीले जिल्लाबाटै सेवा पाउने अवस्था सुनिश्चित हुन्छ," उहाँले भन्नुभयो।

कुनै कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट अवकाश वा राजीनामा स्वीकृत गराई निवृत्त हुन लागेका कर्मचारीलाइ कार्यालयवाटै डिजिटल माध्यमबाट निवृत्तभरण सेवा दिने सकारात्मक सोच राखी विभागलाई अनुरोध गरेमा मागमा आधारित रहेर प्रणालीको पहुँच उपलब्ध गराउन सकिने सुविधा रहेको उहाँले जानकारी दिनुभयो।

राष्ट्रिय किताबखानाले आजदेखि सुरु गरेको यस प्रणालीमा निवृत्तभरण अधिकारपत्र, उपदान रकम निर्धारणको किटानीपत्र, सञ्चित घर बिदा तथा बिरामी बिदाबापत पाउने सुविधाको किटानीपत्र, औषधि उपचार सुविधाको किटानीपत्र, रोजेको बैङ्कमा सोझै निवृत्तभरण खाता खुल्ने सुविधा समावेश गरिएको जानकारी दिइएको छ। राष्ट्रिय किताबखानाले निकट भविष्यमा नै निवृत्तभरण अधिकारपत्र र निवृत्त कर्मचारी परिचयपत्रलाई नागरिक 'एप'मार्फत देख्न र 'प्रिन्ट' सकिने सुविधा विस्तार गर्ने महानिर्देशक पोखरेलले जानकारी दिनुभयो।

# वन क्षेत्रको समावेशीकरणसम्बन्धी रणनीतिक कार्यान्वयन योजना सार्वजनिक

काठमाडौँ, ६ चैत (रासस)।

वन क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार संस्थामा काम गर्ने महिला, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायको प्रतिनिधित्व बढ्दै गएको भए पनि आन्तरिकीकरण तथा मूलप्रवाहीकरण हुन नसकेको पाइएको छ।

वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीतिक कार्यान्वयन योजना सार्वजनिक गर्दै वन तथा वातावरण मन्त्रालयले विद्यमान ऐन, नियम, संरचना, कार्यक्रमले मूलप्रवाहीकरण हुन नसकेको उल्लेख गरेको छ।

वन, वातावरण जैविक विविधता र जलाधार क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, सामुदायिक निजी र विकास साझेदार संस्थामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसम्बन्धी खण्डीकृत तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा व्यवस्थापन प्रणाली संस्थागत हुन नसकेको उल्लेख गरिएको छ।

सो रणनीतिक योजनामा चुनौतीका रूपमा वन तथा वातावरण क्षेत्रमा काम गर्ने विभिन्न निकाय वा संस्थामा वार्षिक बजेट, कार्यक्रम, अवसरमा महिला, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिको सक्रिय र सार्थक सहभागिताको पर्याप्त सुनिश्चितता हालसम्म हुन नसकेको उल्लेख छ। स्पष्ट रूपमा छुटयाइएको लैङ्गिक उत्तरदायी बजेट अपर्याप्त हुनुका साथै कार्यान्वयमा पारदर्शिताको अभावलाई चुनौतीका रूपमा स्पष्ट पारिएको छ।

वन क्षेत्रबाट प्राप्त हुने आर्थिक लाभको बाँडफाँटमा महिला, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको समतामूलक पहुँचमा कमी रहेको, पर्याप्त ज्ञान र तालिमको कमी,

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

# मध्यपूर्व तनाव चर्कियो

पेरिस, ६ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा जारी युद्ध थप व्यापक बन्दै जाँदा खाडी क्षेत्रदेखि युरोपसम्म यसको असर फैलिएको छ। क्षेप्यास्त्र र ड्रोन आक्रमण, प्रतिआक्रमण, ऊर्जा पूर्वाधारमा क्षति र कूटनीतिक सक्रियता एकैसाथ तीव्र बनेका छन्, जसले क्षेत्रीय सुरक्षा मात्र नभई, विश्वव्यापी स्थायित्वमा पनि चिन्ता बढाएको छ।

शुक्रबार खाडी क्षेत्रका विभिन्न देशहरूमा आक्रमण र प्रतिरक्षात्मक कारबाही देखिएको छ। एमिराटी र कुवेतका अधिकारीहरूले आफ्नो हवाई सुरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमणलाई जवाफ दिइरहेको बताएका छन्। साउदी अरबको रक्षा मन्त्रालयले देशको पूर्वी भागमा १० वटा र उत्तरी क्षेत्रमा थप एक ड्रोन रोकी नष्ट गरिएको जानकारी दिएको छ। बहराइनले भने 'इरानी आक्रामकता' का कारण एक गोदाममा आगलागी भएको पुष्टि गर्दै मानवीय क्षति नभएको जनाएको छ।

यसैबीच, संयुक्त अरब इमिरेट्सले आन्तरिक सुरक्षामा कडाइ गर्दै इरान र लेबनानी समूह हिजबुल्लाहसँग सम्बन्धित कथित सञ्जालका कम्तीमा पाँच सदस्य पक्राउ गरेको जनाएको छ। सरकारी सञ्चारमाध्यमका अनुसार उक्त समूहमाथि बाह्य पक्षहरूसँग समन्वय गर्दै राष्ट्रिय अर्थतन्त्रमा घुसपैठ गर्ने योजना बनाएको आरोप लगाइएको छ।

युद्धको केन्द्र इरान र इजरायलबीच प्रत्यक्ष टकरावमा केन्द्रित देखिन्छ। इजरायली सेनाले इरानबाट क्षेप्यास्त्र प्रहार भएपछि तेहरानभरि सैन्य तथा रणनीतिक पूर्वाधार लक्षित गर्दै आक्रमणको शृङ्खला सुरु गरेको जनाएको छ। यसैक्रममा जेरुसेलममा पनि राति मिसाइल आक्रमणको चेतावनीसँगै शक्तिशाली विस्फोटहरू सुनिएको एएफपीका पत्रकारहरूले उल्लेख गरेका छन्। आपतकालीन सेवाका अनुसार मानवीय क्षति नभए पनि विभिन्न स्थानमा भौतिक क्षति पुगेको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले युद्ध अपेक्षाभन्दा छिटो अन्त्यतर्फ उन्मुख भएको दाबी गर्दै इरानको सैन्य क्षमतामा गम्भीर क्षति पुगेको बताउनुभएको छ। उहाँले इरान अब युरेनियम संवर्धन वा ब्यालेस्टिक क्षेप्यास्त्र निर्माण गर्न असमर्थ भएको दाबी गर्नुभयो। साथै, इजरायलले इरानी ग्यास पूर्वाधारमा आक्रमण गर्दा स्वतन्त्र रूपमा निर्णय लिएको स्पष्ट पार्दै अमेरिकालाई युद्धमा तानेको आरोप अस्वीकार गर्नुभयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने यसअघि यस्तो आक्रमण नगर्न सुझाव दिएको बताउनुभएको छ।

ऊर्जा क्षेत्रमा पनि युद्धको प्रभाव स्पष्ट देखिएको छ। कतारका ऊर्जामन्त्री साद सेरिदा अल-काबीले ऊर्जा संरचनामा भएको आक्रमणका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) निर्यात क्षमता १७ प्रतिशतले घट्ने र पूर्ण मर्मतमा तीनदेखि पाँच वर्ष लाग्ने बताउनुभयो। उहाँले दीर्घकालीन आपूर्ति सम्झौताहरूमा पाँच वर्षसम्म 'फोर्स मेज्युअर' लागू गर्नुपर्ने अवस्था आउन सक्ने सङ्केत गर्नुभयो।

क्षेत्रीय तनावले अन्तर्राष्ट्रिय समुद्री मार्गमा समेत जोखिम बढाएको छ। नेतान्याहुले इरानले स्ट्रेट अफ होर्मुज बन्द गरेर विश्वलाई दबाबमा पार्ने प्रयास गरिरहेको आरोप लगाउँदै यस्तो प्रयास असफल हुने दाबी गर्नुभयो। यसै सन्दर्भमा फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले होर्मुज क्षेत्रमा सुरक्षित नेभिगेसन सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घको संरचना स्थापना गर्ने विषयमा सुरक्षा परिषद्का स्थायी सदस्यहरूसँग छलफल गर्ने योजना अघि बढाइएको जानकारी दिनुभयो।

युद्धको असर युरोपसम्म पुगेको छ। युरोपेली सङ्घ (इयु) का नेताहरूले सन् २०१५ जस्तै आप्रवासन सङ्कट दोहोरिन सक्ने चिन्ताबीच अनियन्त्रित आप्रवासी आवागमन रोक्न कूटनीतिक, कानूनी, परिचालन र आर्थिक सबै संयन्त्र पूर्ण रूपमा परिचालन गर्ने प्रतिबद्धता जनाएका छन्।

लेबनानतर्फ पनि तनाव कम भएको छैन। राष्ट्रपति जोसेफ आउनले इजरायल र हिजबुल्लाहबीच युद्धविराम र वार्ता सुरु गर्न पुनः आह्वान गर्नुभएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म ७९ महिला, ११८ बालबालिका र ४० स्वास्थ्यकर्मीसहित एक हजार एक जनाको मृत्यु भइसकेको छ भने दुई हजार ५८४ जना घाइते भएका छन्।

युद्धको अन्तर्राष्ट्रिय आयाम झन् स्पष्ट हुँदै गएको छ। इरानले जर्मनीसँग रामस्टेनस्थित अमेरिकी एयरबेसको भूमिकाबारे स्पष्टीकरण मागेको छ। जर्मनीका लागि तेहरानका राजदूतले उक्त आधारको भूमिका स्पष्ट नभएको बताउनुभएको छ। यद्यपि, अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकी स्थल सेना परिचालनबारे कुनै स्पष्ट योजना नरहेको सङ्केत गर्दै यस विषयमा खुलासा गर्न नचाहेको बताउनुभयो।

यसरी मध्यपूर्वमा जारी द्वन्द्व केवल क्षेत्रीय सीमामा सीमित नरही ऊर्जा, सुरक्षा, आप्रवासन र अन्तर्राष्ट्रिय कूटनीतिमा गहिरो प्रभाव पार्दै विश्वव्यापी चासोको केन्द्र बन्न पुगेको छ।

# बम विस्फोटको घटनामा लेखापढी व्यवसायी पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ६ चैत ।**

सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसनको कार्यालयमा भएको कुकर बम विस्फोट घटनाको अनुसन्धानका क्रममा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुखिपुर नगरपालिका-३ का गुमस्ता यादव रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला अदालत सिरहा अगाडि नै उहाँले कार्यालय खोलेर लेखापढी व्यवसाय गर्दै आएका थिए । उनलाई शङ्काका आधारमा नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिए । "हामीले शङ्काका आधारमा एक जनालाई पक्राउ गरी चार दिनदेखि अनुसन्धान गरिरहेका छौँ," उनले भने, "अनुसन्धान निष्कर्षमा पुगेपछि मात्र थप विवरण सार्वजनिक गरिनेछ ।"

गएको फागुन २७ गते बार एसोसिएसनको कार्यालयमा कुकर बम विस्फोट भएको थियो । उक्त विस्फोटमा परी सिरहा नगरपालिका-१ का कर्मचारी सौरभ यादव घाइते भएका थिए । उनको खुट्टामा चोट लागेको थियो । विस्फोटबाट कार्यालयका कम्प्युटरलगायतका सामग्रीको समेत क्षति पुगेको थियो ।

# अस्पताल सुधारको माग

सिरहा, ६ चैत (रासस) ।

लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका स्मारक प्रादेशिक अस्पतालमा सेवामा सुधारको माग गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लहान नगर समितिले अस्पताल प्रशासनलाई आठ बुँदे मागसहितको ज्ञापनपत्र बुझाउँदै सुधारको माग अघि सारेको हो ।

अस्पतालमा हालै भएको कर्मचारी नियुक्ति, सेवा प्रवाहमा देखिएको लापरबाही तथा पारदर्शिताको अभावका विषयमा नागरिकस्तरबाट गुनासो बढेपछि रास्वपाले औपचारिक रूपमा ध्यानाकर्षण गराएको हो । ज्ञापनपत्रमा फागुन मसान्तसम्मको मासिक तथा आर्थिक वर्ष २०८१/८२ को वार्षिक आय-व्यय विवरण सार्वजनिक गर्नुपर्ने, कर्मचारी भर्नासम्बन्धी विज्ञापन, नियुक्ति प्रक्रिया तथा स्वयंसेवक सम्बन्धी सम्पूर्ण विवरण पारदर्शी रूपमा उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

त्यस्तै, 'आमा सुरक्षा कार्यक्रम' को आय-व्यय तथा समय व्यवस्थापनको यथार्थ विवरण सार्वजनिक गर्नुपर्ने र चालु आर्थिक वर्षमा नियुक्त भएका सबै कर्मचारीको नियुक्तिपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उल्लेख छ । आकस्मिक सेवामा आएका बिरामीका आफन्तलाई बाहिरका निजी पसलबाट औषधि किन्न बाध्य पार्ने वा दबाब दिने कार्य तत्काल रोक्नुपर्ने, अस्पतालका पदाधिकारी तथा कर्मचारीको स्पष्ट कार्यविभाजन र जिम्मेवारी निर्धारण गर्नुपर्नेलगायत माग राखिएका छन् ।

ज्ञापनपत्र बुझ्दै अस्पताल सञ्चालन समितिका अध्यक्ष रामनारायण मेहताले बिरामीको चाप बढ्दै जाँदा केही कर्मचारीलाई स्वयंसेवकका रूपमा बिना तलब खटाइएको जानकारी दिनुभयो । आन्तरिक स्रोत पर्याप्त नभएकाले नियमित तलबमा राख्न नसकिएको उहाँको भनाइ छ । साथै, प्रदेश सरकारले मेडिकल सुपरिटेन्डेन्ट (मेसु) नियुक्त नगर्दा झण्डै दुई वर्षदेखि निमित्त मेसुको भरमा अस्पताल सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

रास्वपा लहान नगर सभापति लवकुमार मण्डलद्वारा हस्ताक्षरित उक्त ज्ञापनपत्रको बोधार्थ मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सिरहा तथा इलाका प्रशासन कार्यालय लहानमा पठाइएको छ । अस्पतालको सेवा सुधार, पारदर्शिता र जनमैत्री व्यवस्थापन सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्ने उहाँको माग छ ।

विगत ४७ वर्षदेखि मुरारका र सारडा परिवारले अस्पतालको नाममा दान गरेको जग्गाको स्वामित्व गत मङ्सिरमा मात्र अस्पतालकै नाममा दर्ता भएको थियो । जग्गा अस्पतालको स्वामित्वमा आएपछि नयाँ भवन निर्माण, सिटी स्क्यान, एमआरआई सेवा तथा विशिष्टीकृत ट्रमा सेन्टर स्थापना गर्ने बाटो खुलेको छ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचनः प्रति मतदाता २ सय ८४ खर्च

काठमाडौँ, ६ चैत (रासस) ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन प्रतिमतदाता रु २८४ खर्च भएको निर्वाचन आयोगले जनाएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र प्रतिवेदनसहितको निर्वाचन परिणाम राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाइसकेपछि बिहीबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन खर्चलाई मितव्ययी बनाउन आयोगबाट यसअघि खरिद भएका सामग्री प्रयोगको नीति लिइएको जानकारी दिनुभयो ।

निर्वाचन सामग्री खरिदमा सरकारको स्वमित्वमा रहेका सङ्गठित संस्थासँग सम्झौता गरी खरिद गरिएको पनि उहाँले सुनाउनुभयो । पचास प्रकारका निर्वाचन सामग्रीमध्ये ३७ प्रकारका निर्वाचन सामग्री प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाटै खरिद गरिएको थियो । तेह्र प्रकारका सामग्री आयोगबाट खरिद भई जिल्लागत रूपमा ढुवानी गरिएको थियो । निर्वाचन प्रयोजनका लागि आयोगबाट रु सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार माग गरिएकोमध्ये अर्थ मन्त्रालयबाट रु छ अर्ब ७६ करोड ६६ लाख ९० हजारको स्रोत सहमति प्राप्त भएको थियो । प्राप्त रकममध्ये हालसम्म रु तीन अर्ब ५४ करोड २८ लाख ७९६ खर्च भएको छ । खर्चको दायित्व सिर्जना भएकोमध्ये केही रकम भुक्तानी गर्न बाँकी रहेको जानकारी आयोगले गराएको छ ।

निर्वाचनमा स्वदेशी र विदेशी पर्यवेक्षकले पर्यवेक्षण गर्ने व्यवस्था मिलाइएकामा अन्तरराष्ट्रिय पर्यवेक्षणतर्फ २२ वटा कूटनीतिक निकायका १६४ जना प्रतिनिधि र तीन वटा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूले पर्यवेक्षण गरेका थिए । राष्ट्रियतर्फ ३५ वटा गैरसरकारी संस्थाले पर्यवेक्षण गरेका थिए ।

विशिष्ट परिस्थितिमा घोषणा भएको प्रतिनिधिमूलक लोकतन्त्रको यस अभ्यासमा सहभागी भई आफ्नो मताधिकारमार्फत प्रतिनिधि चुन्ने, कानुन निर्माण र राज्य सञ्चालन प्रक्रियामा संलग्न हुने एवं सरकार निर्माण तथा शासन सञ्चालनमा सहभागी हुने प्रक्रियालाई पूर्णता दिएकामा सम्पूर्ण मतदाताहरूमा आयोग धन्यवादसहित आभार प्रकट गरेको छ ।

निर्वाचन सम्पन्न गराउने कार्यमा संलग्न भई आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत, सबै सुरक्षा निकाय, निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, अन्तरराष्ट्रिय समुदाय, सञ्चारमाध्यम एवं सञ्चारकर्मी सबैप्रति पनि आयोगले धन्यवाद प्रकट गरेको छ ।

# विपद्का घटनामा परी फागुनमा १८ जनाको मृत्यु

काठमाडौँ, ६ चैत (रासस) ।

विपद्को घटनामा परेर फागुन महिनामा देशभर १८ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारी अनुसार फागुन महिनाभर विभिन्न विपद्का घटनामा परेर चार बालबालिकासहित १८ जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा पाँच पुरुष, नौ महिला, दुई बालक र दुई बालिका रहेका छन् ।

फागुनमा आगलागी, बाढीपहिरो, चटयाङ, जनावर आक्रमण, हावाहुरी, महामारी, हिमपात, शीतलहर, लेक लाग्ने घटना आदिका कारण फागुनमा १२४ जना घाइते भएका छन् । घाइते हुनेमा ५३ पुरुष, ५३ महिला, १० बालक, आठ बालिका रहेका छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले विपद्को घटनाबाट फागुन महिनामा देशभर रु १५ करोड ९१ लाख ५० हजार ३६० बराबरको क्षति भएको जानकारी दिनुभयो । उहाँका अनुसार विपद्ले ७४ घर र ३५ गोठमा क्षति पुगेको छ । यस्तै, १०३ चौपायमा क्षति पुगेको छ ।

एक महिनाको अवधिमा कोशी प्रदेशमा सबैभन्दा धेरै विपद्का घटना घटेका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार कोशीमा १४३, मधेसमा १०६, बागमती ३३, उपत्यका ३५, गण्डकी ५२, लुम्बीनी ६३, कर्णाली २८ र सुदूरपश्चिममा ४२ घटना घटेका छन् । यस्तै, विपद्बाट ५० घरपरिवार विस्तापित भएको प्रहरीले जनाएको छ ।

# जेनजी आन्दोलनका घाइतेको यही चैत २० गते अन्तिम वर्गीकरण गरिने

काठमाडौँ, ६ चैत (रासस) ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले जेनजी आन्दोलनका घाइते व्यक्तिको वर्गीकरणका लागि अन्तिमपटक आग्रह गरेको छ ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालका अनुसार जेनजी प्रदर्शनका घाइतेको वर्गीकरणसम्बन्धी कार्यविधि, २०८२ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको वर्गीकरण सहजीकरण समितिले गत मङ्सिर ५ र १२ र १८ गते अधिकांश घाइतेको वर्गीकरण भइसकेको छ ।

जिल्ला प्रशासन कार्यालयले ती दिनमा विविध कारणले वर्गीकरण लागि उपस्थित हुन नसकनी छुट भएका घाइतेको अन्तिम वर्गीकरण यही चैत २० गते शुक्रबार हुने सूचनामा उल्लेख छ । त्यस दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँको सभाहलमा आफूले उपचार एवं परीक्षण गरेका कागजात र जेनजी घाइते परिचयपत्रसहित उपस्थित हुन सो आन्दोलनका घाइतेलाई आग्रह गरिएको छ ।

*वन क्षेत्रको ...*

लैङ्गिक विषयवस्तुको ज्ञान एवं तालिमको अभाव रहेको छ । वन क्षेत्रसँग जोडिएका क्षेत्रमा २४सै घण्टा काम गर्नुपर्ने भएकाले लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका दृष्टिकोणले चुनौतीपूर्ण रहेको कार्ययोजनामा भनिएको छ ।

यस्तै, कार्ययोजनामा चुनौतीका रूपमा पाँचवटा विषयलाई अगाडि सारिएको छ । त्यसमा नीतिगत एवं कानुनी, संरचनागत तथा संस्थागत चुनौती रहेको उल्लेख गरिएको छ ।

यस्तै, सामाजिक तथा सांस्कृतिक एवं आर्थिक स्रोतसाधनमा आधारित चुनौती पनि चित्रित गरिएको छ । अन्य चुनौतीका रूपमा जलवायु तथा वातावरणजन्य चुनौतीका रूपमा रहेको छ ।

कार्ययोजनामा समस्या र चुनौतीको समाधानका लागि केही नीतिगत सुधार तथा व्यवहारिक कार्यान्वयनमा जोड दिइएको छ । वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रसँग सम्बन्धित तीनै तहका सरकारी निकाय, सहकारी, सामुदायिक, निजी क्षेत्र र विकास साझेदारले साझा रूपमा नीतिगत र संस्थागत प्रयास गर्नुपर्नेमा जोड दिइएको छ ।

*दुःखमोचन आश्रममा ...*

आयोजना गरी काठमाडौंबाट ल्याइएको भगवान हनुमानको दिव्य प्रतिमा स्थापना गर्न लागिएको दाता परिवारका सदस्य मिहिर ठाकुरले जानकारी दिए ।

विश्व शान्ति, हिन्दुधर्मको संरक्षण, प्रचारप्रसार र मानव कल्याणको कामना समेतका साथ हुन लागेको धार्मिक समारोहमा नेपाल र मित्र राष्ट्र भारतका साधु सन्त र सनातन हिन्दु धर्मका अनुयायीहरुको उल्लेख्य सहभागिता रहने ठाकुरका धर्म पत्नी रञ्जुले सुनाईन ।

*श्रोत नखुलेको ...*

भारतको रक्सौलबाट वीरगन्जतर्फ आउदै गरेको बीआर०५बीके८६०३ नम्बरको मोटरसाईकललाई विषेश सुचनाको आधारमा चेकजाँच गर्ने क्रममा मोटरसाईकलको सिटमुनी लुकाई छिपाई राखेको अवस्थामा सशस्त्र प्रहरी गुल्म वीरगन्ज भन्सारले बरामद गरेको हो ।

सो रकमसहित पक्राउ परेका साथवाट वीरगंज भन्सार एजेन्ट संघ पर्सा लेखिएको निज विनय शंकर साह तुराहाको परिचय पत्र समेत बरामद भएको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*